

# कमैया मुक्तिको शुरुवात गर्ने शारदा भट्ट



- गरिमा शाह

**अन्धविश्वास, रूढीवाद र पछौटेपन**ले जेलिएको, देउकी प्रथामा अल्झिएको, छाउपडी गोठको चिनारी पाएको, हली र कमैयाको बोझ मुनि दबिएको समाजमा जन्मिएकी छोरीले ती तमाम कुसंस्कार र कुप्रथाका विरुद्ध विद्रोहको शङखनाद मात्र गर्नुभएन, समानता र न्याय आफूबाट शुरु गर्नुपर्छ भन्ने सन्देश दिन सरकारभन्दा दश वर्ष पहिला नै आफ्नो घरमा भएका दुई घर कमैयालाई मुक्त गरेको घोषणा गर्नुभयो। कमैया प्रथामाथि प्रहार र बहिष्कार गर्ने सम्भवतः पहिलो व्यक्ति हुनुहुन्छ- शारदा भट्ट।

२००५ साल असोज १ गते डडेल्धुराको समैजी गाउँ विकास समिति-२ बैयडा गाउँमा बुबा बहादुर भण्डारी र आमा हरिनादेवी भण्डारीको कोखबाट जन्मिएकी शारदा तुलनात्मक रूपमा अन्य सुदूर पश्चिमेली महिलाभन्दा सुखी हुनुहुन्थ्यो। उहाँका बुबा गाउँ पञ्चायतका प्रधान थिए। लगातार ३० वर्षसम्म प्रधानपञ्च भएका उहाँका बुबामा छोरीलाई पनि पढाउनुपर्छ भन्ने चेतनाकै कारण उहाँले शिक्षा आर्जन गर्ने अवसर पाउनुभयो। छोरीलाई पढाए बापत बुबाले साठी रुपैंया जरिवाना तिरेको यथार्थले नेपाली समाजमा छोरीको अन्यायपूर्ण र विभेदकारी अवस्थालाई चित्रित मात्रै गर्दैन, छोरीको अस्तित्व अस्वीकार गर्छ भन्दा अतिशयोक्ति नहोला।

बुबाको चेतना र आफ्नो दृढ इच्छाका कारण एस.एल.सी. को परीक्षा दिनुभयो तर अंग्रेजी विषय पास गर्न नसक्दा अनुत्तीर्ण हुनुभयो। त्यसपछि उहाँले सुर्खेतबाट ६ महिने अध्यापनको तालिम लिनुभयो। त्यतिबेला आठ कक्षा पढेकाले तालिम पछि पढाउन पाउने व्यवस्था थियो। २०२१ सालदेखि २०२५ सालसम्म दुई सय पच्चीस रुपैंयाँ मासिक तलबमा शिक्षिकाको काम गर्नुभयो। २०२६ सालमा डडेल्धुराकै सम्पन्न परिवारका ईश्वरीदत्त भट्टसँग उहाँको विवाह भयो।

रजस्वला हुनुभन्दा पहिला छोरीको विवाह गर्ने समाजमा एक्काइस वर्षको उमेरमा विवाह गर्नु प्रगतिशील कदम थियो। उहाँका चार छोरा र एक छोरी छन्। उहाँको श्रीमान्ले दोस्रो विवाह गरेपछि वैवाहिक जीवनमा पनि

अनेकौं उतारचढाव आए । श्रीमान्‌बाट धेरै दुःख पाउँनुभयो । ती दुःख पीडालाई छिचोल्दै उहाँ सामाजिक र राजनीतिक परिवर्तनको आन्दोलनमा होमिनुभयो ।

उहाँको परिवार बसाइँ सरेर कैलाली, चौमाला आयो । ८० बिगाहा जमिन भएका जमिन्दार परिवारकी बुहारी हुनु उहाँका लागि पीडादायी थियो । बुहारी घरबाट बाहिर निस्कन हुन्न भन्ने पितृसत्तात्मक सामन्ती चिन्तनको अनुशरण र सुनको पिँजडामा कैद चराझैं घरको चार भित्तामा सीमित हुनु उहाँको चेतनाले मानी रहेको थिएन । २०३२ सालमा कैलालीको चौमालामा रहेको कृषि विकास बैंकका म्यानेजर वामदेव पौडेलसँग उहाँको भेट भयो । त्यतिबेला पौडेल भूमिगत रूपमा पार्टी काम गर्थे । उनीसँगको भेटले शारदाको जीवनलाई नयाँ मोड दियो । यहीबाट उहाँको राजनीतिक जीवन आरम्भ भयो ।

नेपाल कम्युनिष्ट पार्टी (मार्क्सवादी) को राजनीतिक गतिविधिमा सक्रिय हुन थाल्नुभयो । २०३४ सालमा नेता मनमोहन अधिकारीको प्रशिक्षण लिन बुधनी चौधरीलाई साथी लिई गएको उहाँको स्मृतिमा ताजै छ । नेता मनमोहनसँगको भेट र प्रशिक्षणले राजनीतिक गतिविधिमा लाग्न थप प्रेरित गर्‍यो र उहाँ सङ्गठन विस्तार गर्ने कार्यमा लाग्नुभयो । २०३४ देखि २०४४ सालसम्म भूमिगत भई बाँके, बर्दिया, कैलाली, कञ्चनपुर र डडेल्धुरामा पार्टीले खटाएको काम गर्नुभयो । २०४५ सालमा दोस्रो पटक नेता मनमोहन अधिकारीसँग प्रशिक्षित हुने मौका पाउनुभयो । प्रशिक्षणपछि २०४५ सालदेखि २०४६ सालसम्म नेपाल कम्युनिष्ट पार्टी (नेकपा, मार्क्सवादी) को सेती महाकालीको क्षेत्रीय सदस्य बन्नुभयो र भूमिगत भई सङ्गठन विस्तार अभियानमा लाग्नुभयो ।

२०४६ सालमा बहुदलका लागि देशभर आन्दोलन भइरहँदा नेकपा (मार्क्सवादी) को नेतृत्व गर्दै कैलालीको धनगढीमा भएको आन्दोलनको नेतृत्व उहाँले गर्नुभएको थियो । २०४६ सालमा बहुदलीय प्रजातन्त्र स्थापना पश्चात पुनः २०४७ वैशाखदेखि पुससम्म पार्टीको क्षेत्रिय सदस्यको जिम्मेवारी निर्वाह गर्नुभयो । नेकपा (मार्क्सवादी) को भगिनी सङ्गठन प्रगतिशील महिला सङ्घको कैलाली जिल्ला अध्यक्ष भई महिला आन्दोलनको नेतृत्व गर्नुभयो । २०४७ साल

साउन ६ गते पार्टीको सङ्गठित सदस्यता पाउनुभयो । त्यतिबेला कम्युनिष्ट पार्टीको सदस्यता प्राप्त गर्न धेरै चरण पार गर्नुपर्थ्यो ।

२०४७ सालमा नेपाल कम्युनिष्ट पार्टी (मार्क्सवादी) र नेपाल कम्युनिष्ट पार्टी (माले) को एकतापश्चात् बनेको नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी र लेनिनवादी) को धनगढी नगरपालिका-५ को सदस्य, जिल्ला सदस्य हुँदै २०६० सालदेखि २०७३ सम्म नेकपा, एमाले, सेती अञ्चल समन्वय कमिटीको सदस्यको जिम्मेवारी निर्वाह गर्नुभयो । हाल उहाँ नेकपा, एमाले प्रदेश नं ७ को सङ्गठन कमिटीको सदस्य हुनुहुन्छ । अखिल नेपाल महिला सङ्घको वडा अध्यक्ष, नगर अध्यक्ष, जिल्ला अध्यक्ष हुँदै केन्द्रीय सदस्य र केन्द्रीय सल्लाहकारको जिम्मेवारी निर्वाह गरेर महिला आन्दोलनमा आफ्नो अमूल्य योगदान दिनुभएको छ । त्यसैगरी अखिल नेपाल किसान सङ्घको केन्द्रीय महिला विभाग सदस्य र सेती महाकाली इन्चार्ज भई तीन वर्ष जिम्मेवारी निर्वाह गर्नुभयो ।

यति धेरै राजनीतिक काम गर्दा उहाँले धेरै दुःख कष्ट भोग्नुपरेको यथार्थ उहाँसँग छ । राति राति बैठकमा गई परिवारको इज्जत कम गरेको आरोपमा जेठाजुले पिट्दा उहाँको दुई दाँत फुत्केको, घर निकाला भई अंश विहीन हुनुपरेको तीतो अनुभव उहाँसँग छ । अंशका लागि ६ वर्षसम्म जिल्ला हुँदै सर्वोच्च अदालतसम्म मुद्दा लड्नुपर्‍यो । २०६२ सालमा सर्वोच्च अदालतले उहाँको पक्षमा फैसला गरेपछि अंश पाउँन सफल हुनुभयो ।

राजनीतिमा लाग्न शारदालाई कुनै पनि बाधा अड्चनले रोक्न सकेन । पञ्चायत कालमा उहाँबाट राजतन्त्र विरोधी पर्चा जफत हुँदा कैलालीको चौमाला चौकीमा पुसको जाडोमा दुई दिन थुनामा बस्नुपरेको थियो । यस्तै, नेताहरू मनमोहन अधिकारी, मधु गुरु र बलराम उपाध्यायलाई खाना खुवाएको निहुँमा दुई दिन थुनामा बस्नुपरेको थियो । त्यति बेला थुनामा बस्नु भनेको परिवारको प्रतिष्ठामा धक्का लाग्नु हुन्थ्यो । सामाजिक लाञ्छनाहरूको परवाह नगरी उहाँ निरन्तर परिवर्तनको आन्दोलनमा सक्रिय भएर लागिरहनुभयो ।

२०४६ सालको जनआन्दोलन ताका धनगढीको ऐलन चोकमा प्रहरीले छोडेको अश्रु ग्याँसबाट बेहोस भई अस्पताल पुग्दा समेत उहाँलाई आफ्नोभन्दा पनि

विरोध प्रदर्शनको सफलताको चिन्ता बढी थियो । २०६२/०६३ सालको गणतन्त्रात्मक आन्दोलनमा सक्रिय नेतृत्व प्रदान गरेकी शारदा अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस अर्थात् ८ मार्चका दिन विरोध प्रदर्शनकै दौरान गिरफ्तारीमा पर्नुभयो र एक महिना चार दिन कैलाली कारागारमा उहाँलाई कैद गरियो ।

राजनीतिक आन्दोलनसँगसँगै सामाजिक आन्दोलनको समेत नेतृत्व गर्नुभएकी शारदा धनगढी आदर्श सेवा समाजको आजीवन सदस्य र कैलाली उद्योग वाणिज्य सङ्घको साधारण सदस्य हुनुहुन्छ। मानव अधिकारको क्षेत्रमा इन्सेकको तीन वर्ष कैलाली जिल्ला सदस्य भएर काम गर्नुभयो । कैलालीको चौमाला विद्यालयमा तीन वर्ष निःशुल्क अध्यापन गर्नुभयो। कमैयाहरूलाई मुक्त गर्नुपर्छ भनेर एघार वर्षसम्म कमैया मञ्चको सदस्य भएर काम मात्र गर्नुभएन, प्रारम्भ आफैंबाट गर्नुपर्छ भन्ने उदाहरण पेश गर्नुभयो ।

नेकपा(एमाले)को कैलाली, धनगढीमा नेता मनमोहन अधिकारी र नेता मदन भण्डारीको उपस्थितिमा भएको प्रथम एकीकृत आमसभामा दुई परिवारका आठ जना कमैयाबाट लिनुपर्ने तीस हजारको तमसुक च्यातेर उनीहरूलाई ऋण मुक्त गर्दै आफ्नो घरबाट कमैया मुक्तिको घोषण गर्नुभयो। पुराना कम्युनिष्ट नेता तथा पार्टीमा उहाँका सहकर्मी जोगीसिंह विष्टका अनुसार "त्यतिबेलाको तीस हजार रुपैंयाँ ठूलो रकम हो। ऋण मिनाह गरेर कमैया मुक्तिको घोषणा गर्नु प्रगतिशील कदम थियो ।"

अर्का पुराना कम्युनिष्ट नेता नवराज जोशीका अनुसार "राजनीतिक मञ्चमा सार्वजनिक रूपमा कमैया मुक्त गरेको घटनाले त्यतिबेलाको समाजमा खैलाबैला मच्चिएको थियो। पक्ष र विपक्षमा बहसको शुरुवात भएको थियो ।"

भनिन्छ, जसमा अनुकम्पा हुन्छ उसैले अर्काको दुःख हटाउने प्रयास गर्छ, त्यसैको प्रयासस्वरूप उहाँले कमैया मुक्त गरेको घोषणा गर्नुभएको थियो। उहाँको यस कार्यको चौतर्फी प्रशंसा भयो । तर, सामन्तहरूले आलोचना र विरोध गरे । आलोचना र विरोधले उहाँलाई छुन सकेन। मानव समाजमा कलङ्कको रूपमा

रहेको कमैया (कामदार) परिवार सहित किनबेच हुने प्रथा अन्त्यको शुरुवात आफूबाट भएकामा उहाँलाई सन्तोषको अनुभव भएको बताउँनुहुन्छ ।

२०५७ साल साउन २ गते सरकारबाट कमैया मुक्तिको घोषणा हुँदा उहाँले आफ्नो निर्णय र कार्यप्रति गर्व अनुभव गर्नुभयो । भनिन्छ, कोशिश थाक्दैन । समतामूलक र न्यायमूलक समाज निर्माणका लागि उहाँको कोशिश जारी छ । समाजमा रहेका सबै प्रकारका अन्याय र विभेदविरुद्ध उहाँ सङ्घर्षरत हुनुहुन्छ, अविछिन्न रुपमा ।